श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यादेश नं. ४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट प्ररम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ लाई
संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) (पहिलो संशोधन) अध्यादेश, २०३४" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६२

२. राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ३ मा संशोधन : राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ मा रहेको "सदस्य" भन्ने शब्दको सट्टा "जिल्ला पञ्चायत ऐन, २०१९ को दफा १४ को उप-दफा (३) को खण्ड (क) बमोजिमको सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :–

"४. मतदाता : जुन जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व हुने हो सो जिल्लाको जिल्ला सभाका सदस्यहरू निर्वाचनमा मतदाता हुने छन्।"

लालमोहर सदर मिति :– २०३४।१।२७।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।